जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८४ २०७८ साल फागुन ९ गते सोमबार (21 Feb. 2022 Monday) मूल्य रु. ५/-

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।
अन्तर्राष्ट्रिय नारी दिवस भव्यरुपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*अंक भित्र :* २ पृष्ठमा : कार्यान्वयनमा जाने भयो ... ३ पृष्ठमा : एमसिसी सदनमा टेबल ... ३ पृष्ठमा : नर्वेद्वारा तालिवान सरकारलाई ...

# ताला खोल्ने विषयमा सप्तकोशी नगरपालिकामा तोडफोड, एक वडा अध्यक्षसहित दुई घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

सप्तरीको सप्तकोशी नगरपालिकामा आइतबार ताला लगाउने र खोल्ने पक्षबीच झडप भएको छ। सो झडपमा एक वडाअध्यक्षसहित दुई जना घाइते भएका छन् ।

६ सूत्रिय माग राखी बिहीबार नगरपालिकामा चार दलिय गठबन्धनले तालाबन्दी गरेको थियो । तर, शुक्रबार अर्कोपक्षले जबरजस्ती ताला फोडेर कार्यालय संचालन गरेका थिए । सोही विषयलाई लिएर दुबैपक्षबीच झडप भएको हो ।

झडपमा आन्दोलनकारी पक्षका सप्तकोशी नगरपालिका वडा ४ का वडाअध्यक्ष बद्री नारायण चौधरी र वडा ९ का किशुन यादव घाइते भएको प्रहरीले जनाएको छ । टाउको फुटेका दुबै जनाको स्थानिय फत्तेपुर मोडेल अस्पतालमा उपचार भइरहेको छ ।

आन्दोलनकारीले जबरजस्ती ताला खोल्ने पक्षले आक्रमण गरि घाइते बनाएको दाबी गरिरहँदा ताला खोल्ने पक्षले आन्दोलनकारीले नै जथाभावी गरेको ढुंगामुढाबाट ती दुबै घाइते भएको दाबी गरेको छ ।

यसैबीच प्रदर्शनकारीले हानेको ढुंगा लागेर नगरकार्यपालिकाको डिजिटल बोर्ड तथा विभिन्न शाखाको झ्यालका सिसाहरु समेत फुटेको नगर प्रमुख उत्तम गौतमले बताए । दुबै पक्षबीच आन्दोलन चर्किंदै जाँदा ठूलो संख्यामा सशस्त्र तथा नेपाल प्रहरी परिचालन गरिएको थियो ।

सत्तासिन गठबन्धन नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका नेताहरुले विभिन्न ६ बुँदे माग राख्दै बिहीबार नगरपालिका कार्यालयमा तालाबन्दी गरेका थिए ।

त्यसको भोली पल्टै शुक्रबार एकपक्षिय रुपमा जनप्रतिनिधिले ताला फुटाई कामकाज सुरु गरेपछि विवादले उग्र रुप लिएको चार दलद्वारा गठित संघर्ष समितिका संयोजक युवराज खनालको भनाई छ ।

आर्थिक वर्ष २०७८/७९ मा नगर सभाद्वारा नगरका ११ वटै वडाका लागि तय गरिएको योजना कार्यान्वयनमा ल्याउनु पर्ने, महालेखा तथा आन्तरिक लेखा परिक्षकका क्रममा ठहर भएका बेरुजु विवरण सार्वजनिक गर्नुपर्ने, विभिन्न समयमा खरीद गरिएको

***बाँकी अन्तिम पृष्ठमा***

# महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रलाई विभिन्न सामाग्रि प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीमा संचालनमा रहेको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका लागि एक गैर सरकारी संस्थाले आइतबार टेलिभिजन, डस्ना, सिरक, झुल, बच्चाहरुको शैक्षिक तथा विभिन्न खेलकुद सामाग्रि उपहार प्रदान गरेको छ ।

केन्द्रलाई महिला तथा बालमैत्री बनाउन थप सहयोग पुऱ्याउने उद्देश्यका साथ युनिसेफको सहयोगमा जनकपुरस्थित लाइफ नेपाल नामक संस्थाले एक कार्यक्रमबीच उक्त सामानहरु उपहार दिएका हुन् ।

विभिन्न खाले हिंसा तथा बेवारिसे अवस्थामा फेला परि केन्द्रमा आश्रयका लागि राखिने आमाहरुका लागि टेलिभिज, डस्ना, सिरक, झुल तथा बच्चाहरुका लागि पेन्सिल, कटर, मार्कर, कलर पेन्सिल, सापनर, कपीलगायतका शैक्षिक सामाग्रिका साथै फुटबल, भलिबल, लुडो स्किटिङ, प्याडलक र खेलौना

***बाँकी अन्तिम पृष्ठमा***



# कार्यान्वयनमा जाने भयो ५० लाख घरधुरी लाभान्वित हुने एमसिसी परियोजना

काठमाडौँ, ८ फागुन (रासस)।

कूल दुई करोड ३० लाख १० हजार नागरिकले प्रत्यक्ष रूपमा प्रतिफल प्राप्त गर्ने विद्युत् प्रसारण लाइन तथा सडक पूर्वाधारसँग जोडिएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौता अगाडि बढ्ने भएको छ। कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र परियोजना सम्पन्न हुँदा त्यसबाट करिब ५० लाख घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

काठमाडौँको नाइलेभारेबाट सुरु हुने र बुटवलसम्म पुग्ने कूल ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइनले नेपालको ऊर्जा क्षेत्रमा मेरुदण्डका रूपमा काम गर्नेछ। तामाकोसी, भोटेकोसी, त्रिशूली, बूढीगण्डकी र कालीगण्डकी करिडोरमा निर्माण भएका, हुने क्रममा रहेका आयोजनाको बिजुली सहज रूपमा राष्ट्रिय प्रणालीमा ल्याउनसमेत यो आयोजना महत्वपूर्ण छ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेको कार्यकालमा सुरु भएको परियोजनामा सबै जसो पूर्वप्रधानमन्त्री जोडिनुभएको थियो। नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि एमसिसीले करिब रु ५५ अर्ब अनुदान सहायता उपलब्ध गराउनेछ।

त्यसमा नेपाल सरकारका तर्फबाट करिब रु १४ अर्ब बराबरको लगानी हुनेछ। उक्त अनुदान सहायता आर्थिक उन्नतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, विद्युत् प्रसारण लाइन निर्माणमा र सडक मर्मतमा खर्च हुने तथा नेपालको दिगो विकासमा सहयोग गर्नेछ।

सत्तारूढ प्रमुख दलका बीचमा आइतबार भएको सहमतिअनुसार अब अमेरिकी अनुदान सहयोगसम्बन्धी सो परियोजना संसद्मा टेबल हुनेछ। सत्तारूढ दलहरूको सहमतिअनुसार अब यो सम्झौता संसदीय प्रक्रियामा प्रवेश भएको छ। कुनै एउटा प्रक्रियामार्फत सम्झौता सामान्य बहुमतबाट स्वीकृत हुनेछ। त्यसपछि परियोजना कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ।

नेपाल विद्युत् प्राधिकरणको गुरुयोजनाअनुसार नै तयार भएको उच्च क्षमताको प्रसारण लाइन निर्माण हुँदा गुणस्तरीय पूर्वाधारको विकास हुनेछ।

यस्तै अन्तरदेशीय विद्युत् प्रसारण लाइन परियोजनाले विद्युत् व्यापारलाई पनि बढावा दिने र यसको लाभ नेपालले लिन सक्नेछ। त्यसका लागि बुटवलबाट भारतको गोरखपुर जोड्ने ४०० केभी क्षमताको डबल सर्किट अन्तरदेशीय प्रसारण लाइन नेपाल र भारतको संयुक्त लगानीमा निर्माण हुन लागेको छ। यसबाट नेपालले भारत र बङ्गलादेशमा बिजुलीको व्यापार गर्ने मार्ग प्रशस्त गर्नेछ।

काठमाडौँ उपत्यकालगायत प्रमुख सहरको विद्युत् प्रसारण लाइनमार्फत बिजुली आपूर्तिको विश्वसनीयताको सुनिश्चिततासमेत हुनेछ। त्यसबाट विद्युत् खपतमा वृद्धि भई विद्युत् उत्पादनतर्फ थप लगानी आकर्षित हुनेछ। हालको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले २०७५ माघ २५ गते सरकार र अमेरिकी सहयोग निकाय एमसिसीबीच भएको अनुदान सम्झौतालाई अनुमोदन गर्नका लागि नेपाल सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम सङ्घीय संसद्मा पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिएको थियो।

तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले सङ्घीय संसद्मा पेस गर्नुभएको प्रस्तावमा प्रतिनिधिसभा नियमावली, २०७५ को निमय २३० बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि संसद्समक्ष पेस गर्नुभएको थियो। तत्कालीन संसदीय मामिला तथा कानुनमन्त्रीका रूपमा एमाले नेता भानुभक्त ढकालले सो सम्झौता संसदीय अनुमोदनका लागि स्वीकृति दिनुभएको थियो।

नेपाल सरकार र एमसिसीबीच २०७४ भदौ २९ गते मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौता भएको थियो। एमसिसीको हरेक प्रक्रियामा नेपालमा धेरै जसो पूर्वप्रधानमन्त्री सहभागी भएकाले राष्ट्रिय हितका लागि पनि यसको अनुमोदन जरुरी रहेको आवश्यकता औँल्याइँदै आएको थियो।

विद्युत् प्रसारण लाइन आयोजनाले ऊर्जा व्यापारमा रणनीतिक महत्व राख्ने भएकाले राष्ट्रिय गौरवको आयोजनामा समेत समावेश गरिएको छ। मन्त्रिपरिषद्को २०७५ असोज ५ को निर्णयअनुसार एमसिसी परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको सूचीमा समावेश गरिएको छ।

सम्झौता कार्यान्वयनका लागि पनि संसद्बाट अनुमोदन हुनुपर्ने भन्ने व्यवस्थाअनुसार तत्कालीन अर्थमन्त्री डा खतिवडाले संसद्मा लैजानुभएको थियो। प्रमुख प्रतिपक्षी दल एमाले एमसिसीका सन्दर्भमा समय आएपछि धारणा सार्वजनिक गर्ने भन्दै मौन बसेको छ।

प्रमुख दलहरूका बीचमा एमसिसी सम्झौतालाई बुझ्ने सन्दर्भमा फरक फरक मत रहँदै आएको थियो। नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले एमसिसीका केही प्रावधानमा संशोधनको आवश्यकता औँल्याएका थिए। गठबन्धनको अर्को दल राष्ट्रिय जनमोर्चा एमसिसी सम्झौता खारेज गर्नुपर्ने पक्षमा थियो। सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस भने यसमा पहिलेदेखि नै स्पष्ट थियो। हाल प्रतिपक्षी भूमिकामा रहेको एमाले (तत्कालीन नेकपा) एमसिसीलाई पास गर्नुपर्छ भन्ने पक्षमा थियो। भूमिका बदलिएपछि एमालेले यसमा गठबन्धनको धारणा कुर्दै आएको थियो।

सत्ता गठबन्धनकै बीचमा मतैक्य हुन नसक्दा एमसिसी कार्यान्वयनको समयसीमासमेत धकेलिँदै आएको थियो। शुक्रबार बसेको गठबन्धनको बैठकमा आजसम्म समान धारणा बनाउने सहमति भएको थियो। शनिबार दिनभर सत्तारूढ गठबन्धनका नेताहरूबीच औपचारिक तथा अनौपचारिक छलफल भए। एकीकृत समाजवादीले एमसिसी सम्झौता टेबल हुन दिने निर्णय गरेको थियो। संसद्मा एमालेको अवरोध कायम रहेकाले त्यसलाई हटाउनुपर्ने माग सो पार्टीका सम्मानित नेता झलनाथ खनालको अझै पनि कायम रहेको टिप्पणी सार्वजनिक भएको छ।

शनिबारको सकारात्मक घटनाक्रमबीच आइतबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा सत्तारूढ गठबन्धनको बैठक बस्यो। बैठकमा यसका अनेकन पाटा र पक्षका बारेमा छलफल भयो र सहमतिका आधारमा नै एमसिसी सम्झौता संसद्मा टेबल गर्ने सहमति भयो।

यद्यपि माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को सचिवालयले भने कुनै पनि विधेयक सरकारका तर्फबाट सदनमा टेबुल गर्नु सैद्धान्तिक हिसाबले स्वाभाविक प्रक्रिया भएता पनि लामो समयदेखि सदन अवरुद्ध भएको र अरू कुनै पनि विधेयक टेबुल नभएको अवस्थामा सभामुखलाई एमसिसी मात्र टेबुल गर् भन्नु उपयुक्त नहुने धारणा बैठकमा राख्नुभएको जनाएको छ।

सत्तारूढ गठबन्धनको बैठकमा अध्यक्ष दाहालले एमसिसीसम्बन्धी प्रस्तावलाई छलफलका लागि समितिमा पठाउन आग्रह गर्नुभएको उहाँका स्वकीय सचिव रमेश मल्लले जानकारी दिनुभयो। प्रधानमन्त्रीले टेबुल गरेर प्रक्रियामा लैजाने बताउनुभएको थियो।

अन्त्यमा आ-आफ्नो विचारअनुसार सदनमा नै छलफल गर्ने समझदारी बैठकमा भएको स्वकीय सचिव मल्लको भनाइ छ। त्यसो त बैठकपछि नेपाल सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सत्तारूढ गठबन्धनको बैठकको निर्णयअनुसार नै एमसिसी टेबल हुने र प्रक्रियामा अगाडि बढ्ने जानकारी दिनुभएको थियो। उहाँले प्रतिपक्षी एमालेले प्रतिनिधिसभामा गरिरहेको अवरोधका सन्दर्भमा पनि आफ्नो धारणा प्रस्तुत गर्दै भन्नुभयो, "एमसिसी सम्झौता उहाँहरूले नै संसद्मा लैजानुभएको हो, संसद्को अवरोध कायम राख्नुहुन्छ कि खोल्नुहुन्छ, अब यो विषय पनि उहाँहरूकै हो।"

एमसिसीले उपलब्ध गराउने अनुदान सहायताले बन्ने ४०० केभी क्षमताको लप्सीफेदी, रातमाटा र दमौलीमा तीनवटा सबस्टेशन निर्माण हुनेछन्। नुवाकोटको रातमाटामा निर्माण हुने सबस्टेशनमा प्रस्तावित रसुवागढी-केरुङ ४०० केभी क्षमताको प्रसारण लाइन पनि जोडिनेछ।

काठमाडौँ उपत्यकाको विद्युत्को माग र आपूर्तिको सन्तुलन मिलाउनका लागि पनि ४०० केभी क्षमताको प्रसारणलाइन जरुरी छ। हाल काठमाडौँ उपत्यकामा हेटौँडाबाट २२० केभी लाइन, नुवाकोटबाट २२० केभी लाइन र किर्नेटार हुँदै अर्को लाइन काठमाडौँ उपत्यकामा भित्रिएको छ। विद्युतीय सवारी साधनको प्रयोगमा बढावा दिन र हरेक घरघरमा विद्युतीय चुल्होको प्रयोग बढाउन पनि उच्च क्षमतामा प्रसारण राजमार्ग आवश्यक पर्ने ऊर्जा उद्यमीहरूको भनाइ छ।

सङ्घीय राजधानीसमेत भएकाले आगामी दिनमा मेट्रो रेलको आवश्यकता झनै बढेर गएको छ। त्यसका लागि ठूला क्षमताका प्रसारण लाइन आवश्यकता र बाध्यता दुवै बन्न पुगेको छ। जनघनत्वका हिसाबले पनि बिजुलीको माग सम्बोधन गर्न तथा निर्माणमा रहेका आयोजनाको बिजुली जोड्न पनि 'हाई भोल्टेज' लाइन जरुरी रहेकाले यसलाई बिना अवरोध अगाडि बढाउनुपर्ने मत जबर्जस्ती रूपमा स्थापित छ।

यसैगरी आगामी पाँच वर्षमा थप १३ हजार मेगावाट विद्युत् उत्पादन हुने र त्यसको प्रवाहका लागि उत्तर-दक्षिण, पूर्व-पश्चिम ४००, २२०, १३२ र ३३ केभी क्षमताका प्रसारण लाइन तथा सबस्टेशनको निर्माण र स्तरोन्नति गर्नु आवश्यक छ।

त्यसका लागि मात्रै रु नौ खर्बभन्दा बढी लगानी आवश्यक पर्नेछ। आगामी पाँच वर्षमा १३ हजार मेगावाट विद्युत् उत्पादन भएको खण्डमा जलविद्युत् क्षेत्रमा मात्रै करिब रु ३० खर्बको हाराहारीमा लगानी हुनेछ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोबर मल प्रयोग गने वा १७ के जी डि ए पी र १ के जी यूरियापति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी १ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी २ | स्टोकिङ्ग डेन्सिटी ३ | स्टोकिङ्ग डेन्सिटी ४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डेट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहुको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं ९८५२८२०९३५

# एमसिसी सदनमा टेबल गर्दै सरकारले भन्यो- समयमै अनुमोदन गरी लाभ प्राप्त गरौं

काठमाडौँ, ८ फागुन (रासस)।

सञ्चार तथा सूचनाप्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौता'लाई जनप्रतिनिधिबाट संवैधानिक व्यवस्थाअनुरूप अनुमोदन हुन आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा एमसिसी सम्झौता टेबल गर्दै उहाँले विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न यसलाई अनुमोदन गरी सहयोग गर्न आग्रह गर्नुभयो। अमेरिकी सहयोग निकाय एमसिसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डहरूको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अमेरिकी डलर अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित रहेको उहाँले सदनलाई जानकारी गराउनुभयो।

नेपाल सरकार र एमसिसीबीच २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्नेछ। मन्त्री कार्कीले सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएको हुँदा यो सम्झौता अनुमोदनका लागि प्रस्ताव गरिएको सदनलाई जानकारी गराउनुभयो।

मन्त्री कार्कीद्वारा नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नेबारे प्रतिनिधिसभामा प्रस्तुत प्रस्तावको पूर्णपाठ यस प्रकार छ :

**सम्माननीय सभामुख महोदय,**

सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७५/१०/२५ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय "मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौतालाई अनुमोदन गर्नका लागि सङ्घीय संसद्मा पेस गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेअनुरूप नेपालको संविधानको धारा २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले सम्मानित संसद्समक्ष प्रस्ताव पेस गर्नुभएको माननीय सदस्यहरूलाई विदितै हुनुपर्दछ। साथै, माननीय सदस्यज्यूहरूले यस विषयमा अध्ययन गरी विभिन्न समयमा आफ्नो भनाइ राख्दै आउनुभएको छ। सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा रहने भएको हुँदा नेपाल सरकारले विगतमा गरेका कुनै पनि निर्णयको पालना गराउनु र निष्कर्षमा पुऱ्याउनुपर्ने दायित्व वर्तमान सरकारको हुने यथार्थलाई मनन् गरी नेपालको संविधानको सर्वोच्चता र सर्वोपरिता सम्झौताको कुनै पनि व्यवस्था र शर्तभन्दा माथि रहेको स्पष्ट हुँदै, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनता अक्षुण्ण र अउल्लङ्घनीय रहेको राष्ट्रिय प्रतिबद्धता प्रकट गर्दै, संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्न पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताअनुसार कुनै सैन्य सङ्गठनमा सामेल नहुने नेपालको पररष्ट्र नीतिको परम्परालाई आत्मसात् गर्दै, उक्त प्रस्ताव अनुमोदन गरिदिनुहुन म यस सम्मानित सदनसमक्ष प्रस्ताव गर्दछु।"

**सम्माननीय सभामुख महोदय,**

यो प्रस्ताव अमेरिकी सहयोग निकाय एमसिसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डहरूको मर्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अमेरिकी डलर अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित छ नेपाल सरकार र एमसिसीबीच संवत् २०७४ भदौ २९ गते भएको सम्झौताअनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले ५ वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्ने हुन्छ सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएको हुँदा यो सम्झौता अनुमोदनका लागि प्रस्ताव गरिएको छ।

यो सम्झौतामा हस्ताक्षर हुनुअघि गरिएको अध्ययनले विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मर्मत कार्य १० लाख जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरेको थियो। यी परियोजनाहरूबाट ५० लाख घरधुरी लाभान्वित हुनेछन्। यसका अतिरिक्त यो सम्झौताको कार्यान्वयनबाट नेपाललाई देहायअनुसारका फाइदा हुन्छन् :

१. नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि एमसिसी अमेरिकी डलर ५०० मिलियन (हालको विनिमय दरअनुसार करिब ६० अर्ब रुपैयाँ अनुदानका रूपमा प्राप्त हुने,

२. काठमाडौँको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै हेटौँडा र दमौली हुँदै बुटवलसम्म ४०० केभी क्षमताको करिब ३०० किलोमिटर लामो प्रसारण लाइन निर्माण भई सो आसपासका विद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् प्रसारणमा सहयोग पुग्नाका साथै देशभर प्रसारण लाइनको जालो फैलाउन मद्दत पुग्ने,

३. यो अनुदान सहायता विद्युत् प्रसारण लाइन निर्माणमा कोसेढुङ्गा भई देशको आर्थिक सामाजिक विकासका लागि महत्वपूर्ण साधनका रूपमा रहेको विद्युत्शक्तिको उपलब्धता सहज भई उत्पादन क्षेत्र सबल बन्ने, नेपालमा उत्पादित जलविद्युत्ले बजार पाउने र आमजनताको दैनिक जीवनका लागि अपरिहार्य विद्युत्शक्ति उपलब्ध हुने भई दिगो विकासमा सहयोग पुग्ने,

४. विद्युत् प्रसारणको सुनिश्चित भएपछि विद्युत् उत्पादनमा थप लगानी आकर्षित हुने,

*बाँकी अन्तिम पृष्ठमा*

मधेश प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्न सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/११/९**

प्रस्तुत विषयमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सप्तरी अन्तरगत जिल्लाका विभिन्न स्थानमा आ.ब. २०७८/७९ मा नागरिक आरोग्य सेवा केन्द्र स्थापना हुने भएकोले उक्त नागरिक आरोग्य सेवा केन्द्रमा कामकाज गर्नका लागि तपसिल बमोजिमको कर्मचारी आवश्यक भएको हुँदा सेवामा पदपूर्तीको लागि तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १५ (पन्द्र) दिन भित्र यस कार्यालयमा तोकिएको फारम अनुसार दरखास्त पेश गर्नुहुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | माग पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १-२०७८/७९ | कविराज/बैद्य | पाँचो/चौथो | स्वास्थ्य | ०२ | अन्तरवार्ता | |

१. आवश्यक न्युनतम योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट AHA अथवा AAHW कोर्ष उत्तिर्ण गरि सम्बन्धीत काउन्सिलमा दर्ता भएको हुनुपर्ने।
२. उमेर : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
३. दरखास्त साथ पेश गर्नु पर्ने न्युनतम कागजात र विवरण : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु :
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपिहरु।
ग) दरखास्तको लागि लोकसेवामा आधारित फारम भरि पेश गर्नुपर्ने छ।
४. पारिश्रमिक : आपसी सम्झौता अनुसार विनियोजित बजेटको परिधि भित्र।
५. आवेदन दस्तुर : रु. ५०० (पाँच सय) बैंकमा जम्मा गरेको सक्कलै बैंक भौचर।
६. सम्पर्क मिति : २०७८/११/२४ गते

| बैंकको नाम | बैंकको खाता नं. | कार्यालय कोड | कार्यालयको नाम | राजश्व शिर्षक नं. | वापत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| रा.बा. बैंक शाखा, सप्तरी | १०००२०००१०००० | ३५००२१५०१२ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सप्तरी | १४२२४ | परीक्षा दस्तुर | |

**भोला प्रसाद साह**
**नि. कार्यालय प्रमुख**

## विश्व समाचार

### नर्वेद्वारा तालिवान सरकारलाई मान्यता दिन अस्वीकार

नर्वे (ओस्लो), ८ फागुन (रासस-एएनआई)।

नर्वेली विदेशमन्त्री एनिकेन हुइटफेल्डले शनिबार ओस्लोले आतङ्कवादको लागि संयुक्त राष्ट्रसङ्घ प्रतिबन्ध अन्तर्गत रहेको तालिबानलाई मान्यता दिने बारे कुनै सोच नरहेको स्पष्ट पारेका छन्।

विदेशमन्त्री हुइटफेल्डले म्युनिख सुरक्षा सम्मेलनमा "अफगान परकम्प: एशेजबाट एशेज सम्म?" "हामी तालिबानेलाई मान्यता दिन अनिच्छुक छौँ र त्यसो गर्दैनौं," भन्ने धारणा राखेको स्पुतनिक समाचार एजेन्सीले उल्लेख गरेको छ।

अफगानिस्तानमा तालिबानको सत्ताआरोहण अगस्टको मध्यमा भएको थियो जसले आर्थिक अव्यवस्था र गम्भीर मानवीय सङ्कट निम्त्याएको छ। सेप्टेम्बरको शुरुमा, तालिबान नेतृत्वले पहिलो तालिबान सरकारका प्रमुख सदस्य मोहम्मद हसन अखुन्दको नेतृत्वमा अन्तरिम सरकार गठनको घोषणा गरेको थियो।

अफगानिस्तानको इस्लामिक इमिरेट्सको पुनःस्थापनाको घोषणा डिसेम्बरमा गरिएको थियो तर अझै पनि त्यसले अत्यन्तै आवश्यक अन्तरराष्ट्रिय मान्यता प्राप्त गर्न सकेको छैन।

### नाटो प्रमुखद्वारा रुसले युक्रेनमा 'फुल स्केल हमला' गर्ने योजना बनाएकको घोषणा

जर्मनी (बर्लिने), ८ फागुन (रासस-एएनआई)।

नाटोका महासचिव जेन्स स्टोल्टेनबर्गले आइतवार रुसलाई "झूटा बहानामा युक्रेनमा पूर्णमात्रामा आक्रमण गर्ने योजना बनाएको" आरोप लगाएका छन्।

"रूसले भनेझैं कुनै पनि सेना फिर्ता गरिएको छैन, तर नयाँ सेना थपिँदैछ," स्टोल्टेनबर्गले जर्मन सार्वजनिक प्रसारक एआरडीलाई सो कुरा बताएको स्पुतनिक समाचार एजेन्सीले उल्लेख गरेको छ।

एजेन्सीका अनुसार नाटो प्रमुखले गठबन्धनको स्थापना सन्धिलाई उद्धृत गर्दै पूर्वतर्फ विस्तार नगर्ने आफ्नो वाचा तोडेको नाटोको आरोपलाई पनि अस्वीकार गरेका छन्।

यस महिनाको ८ तारिखमा युरोपेली सङ्घमा चिनियाँ मिसनले नाटोको थप विस्तारको विरोध गरेको थियो।

"शीतयुद्ध समाप्त भएको तीस वर्ष पछि नाटोले आफ्नो भौगोलिक दायरा, सञ्चालनको दायरा विस्तार गर्न जारी राखेको छ, ब्लक राजनीति र टकरावमा संलग्न छ। यो विश्वव्यापी सुरक्षा र स्थिरताको लागि अनुकूल छैन।" चीनको टिप्पणी थियो।

### ब्राजिलमा बाढीबाट १४६ जनाको मृत्यु, १९१ हराए

साओ पाओलो, ८ फागुन (रासस/सिन्ह्वा)।

ब्राजिलको एक पर्यटकीय सहर पेट्रोपोलिस, रियो डि जेनेरियो राज्यमा आएको विनाशकारी बाढी र पहिरोमा परेर मृत्यु हुनेको सङ्ख्या १४६ पुगेको बताइएको छ।

यहाँ गएको पाँच दिनदेखि वर्षा र त्यसका कारण बाढी पहिरोको प्रकोप जारी नै रहेको बताइएको छ। यहाँका स्थानीय अधिकारीले दिएको जानकारीअनुसार व्यापक वर्षाका कारण सडक नै खोलामा परिणत भएका बताइएको छ।

शनिबार पाँचौ दिन पनिपनि वर्षा जारी छ। यसबाट हजारौँ मानिस प्रभावित बनेका अधिकारीहरूले शनिबार जानकारी दिएका छन्।

यहाँ भारी मात्रामा वर्षा भएको बताइएको छ। सबैभन्दा बढी क्षति पेटोपोलिस सहरमा भएको यहाँका उद्धारकर्मीले जानकारी गराएका छन्।

शनिबारसम्मा यो बाढीमा परेर कम्तीमा पनि १९१ जना हराइरहेका बताइएको छ। रियो डि जेनेरियोको उत्तरी क्षेत्रमा पनि बाढीले असर गरेको छ।

यहाँ सन् १९३२ पछिको सबैभन्दा बढी वर्षा भएको छ। वर्षात्का कारण यहाँ मानवीयका साथै अन्य भौतिक सम्पत्तिमा पनि क्षति पुगेको बताइएको छ।

बाढी तथा डुबानका कारण करिब दर्जनौँ घर क्षतिग्रस्त भएका र सयौँ जनालाई प्रायजसो विद्यालयमा आश्रय दिइएको बताइएको छ। विशेषज्ञको भनाइअनुसार जलवायु परिवर्तनको प्रभावले अहिले भारी मात्रामा वर्षा बढाइरहेको छ।

सन् २०११ को जनवरीमा भारी वर्षाका कारण यस क्षेत्रमा ९०० भन्दाबढी मानिसको मृत्यु भएको थियो। जसले गर्दा पेट्रोपोलिस छिमेकी सहर नोभा फ्रिबर्गो, टेरेसोपोलिसलगायतका ठूलो क्षेत्रमा बाढी र पहिरो गएको थियो।

यहाँका राष्ट्रपति जयर बोलोस्नारोले शुक्रबार सो बाढी प्रभावित क्षेत्रको अवलोकन गर्नुभएको थियो। उहाँले सो क्षेत्रमा निकै क्षति पुगेको बताउँदै आफूले आफ्नो जीबनमा बाढीको यस्तो वितण्डा कहिल्यै नदेखेको बताउनुभएको छ।

ब्राजिलका अधिकारीले यहाँ अरु केही व्यक्ति हराएका छन्। त्यस्तै सयौँ व्यक्तिलाई उद्धार गरिएको छ। वर्षा जारी नै रहेको पनि अधिकारीहरुले जनाएका छन्।

# कदमाहा र मटिगढी सडकको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

राजविराज नगरपालिका वडा १० को कदमाहादेखी मटिगढीसम्मको तीन किलोमिटर सडक कालोपत्रे गर्ने योजनाको आइतबार नगरप्रमुख शम्भु प्रसाद यादवले शिलान्यास गरेका छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आरआइडिपी प्रोजेक्ट अन्तरगत सुरु भएको सडकको कालोपत्रे निर्माण कार्य दुई महिनाभित्रै सम्पन्न गरिसक्ने लक्ष्य रहेको नगर प्रमुख यादवले बताए ।

शिलान्यास समारोहमा वडा अध्यक्ष सुशिलकुमार दास, वडा सदस्य गिरिजा कुमारी यादव, कारोदेवी सदा, महन्थी यादव, इनरदेव खंगका साथै ठूलो संख्यामा स्थानिय सहभागि भएका थिए ।

# एमसिसी सम्झौता कार्यसूचीमा समावेशप्रति माओवादीसहितका दलको विरोध

काठमाडौं, ८ फागुन (रासस) ।

नेकपा (माओवादी केन्द्र) सहित तीन राजनीतिक दलहरूले सदन अवरुद्ध भइरहेका अवस्था र राजनीतिक दलहरूमा राष्ट्रिय सहमति नभएको अवस्थामा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' संसद्‌को कार्यसूचीमा अगाडि बढाइएकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकको सुरुआतमै माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङ, नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेल र सांसद् डा भीमबहादुर रावलले एमसिसी सम्झौताका कतिपय प्रावधान राष्ट्रिय हितविरुद्ध भएकाले संशोधनबिना संसद्‌मा टेबुल गर्न नहुने भनी विरोध जनाउनुभयो ।

प्रमुख सचेतक गुरुङले सदन अवरुद्ध भएको अवस्थामा एमसिसी सम्झौता टेबुल गर्ने विषयमा पार्टीको ध्यानाकर्षण भएको बताउनुभयो । संसद् अवरुद्ध भइरहेको अवस्थामा संसद्‌मा महत्वपूर्ण विषयमाथि छलफल हुन नसक्ने र एमसिसीका राष्ट्रिय हित विपरीतका प्रावधान संशोधन गरेर मात्र सहमतिका आधारमा अगाडि बढाउनपर्ने आफ्नो पार्टीको धारणा रहेको उहाँले बताउनुभयो ।

"कार्यव्यवस्था परामर्श समितिमा हामीले अहसमति दर्ता गरेका छौं, संसद् अवरुद्ध भइरहेको अवस्थामा सदनमा छलफल चलाउन गाह्रो छ, सदन खुलाएर छलफलको वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउँछु", उहाँले भन्नुभयो ।

नेकपा (एमाले)का नेता एवं सांसद रावलले नेपालको संविधान र कानुनमाथि आघात पर्ने एमसिसी सम्झौताको केही प्रावधानका बारेमा राजनीतिक दलका बीचमा सहमति नभइ यो कसरी टेबुल भयो भनी प्रश्न गर्नुभयो ।

नेपाल मजदूर किसान पार्टीका सांसद सुवालले एमसिसी सम्झौताका कतिपय प्रावधान नेपालको कानुन बिपरीत भएको र नेपालको हितबिपरितको सम्झौतालाई संसद्‌बाट अनुमोदन गरिनु नहुने बताउनुभयो । उहाँले एमसिसी सम्झौताका बारेमा बृहत राजनीतिक सहमति नभएकाले सो सम्झौता अगाडि बढाउन नमिल्ने बताउनुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद् पौडेलले एमसिसी परियोजना राष्ट्रिय हितमा नभएको भन्दै यसलाई खारेज गरिनुपर्ने बताउनुभयो । उहाँले विदेशीको दबाबमा अगाडि बढाउने प्रयत्न भए पनि यसले राष्ट्रिय हित नगर्ने भनी विरोध गर्नुभयो । "एमसिसी कुनै पनि हालतमा टेबुल गर्न मिल्दैन, यसलाई खारेज गर्नुपर्छ", उहाँले भन्नुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही फागुन १२ गते अपराह्न १ बजे बस्नेछ ।

## *एमसिसी सदनमा ...*

५. सडक खण्डहरूको अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको मर्मत भई यातायात सुविधा सहज हुने र यस्तो मर्मत कार्यको अनुभव अन्य सडकखण्डमा समेत उपयोग गर्न सकिने,

६. हाल उच्च क्षमताको एक मात्र अन्तरदेशीय प्रसारण लाइन भएकामा यस सहायताबाट निर्माण हुने प्रसारण लाइनमा जोडिने गरी अर्को अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न आधार खडा भई नेपालमा उत्पादित बचत विद्युत् व्यापारका लागि ढोका खुल्ने, यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्ने ।

**सम्माननीय सभामुख महोदय,**

यस सम्झौताको कार्यान्वयनका लागि अन्य सबै पूर्वसर्तहरू पूरा भइसकेकाले यसको अनुमोदनपश्चात् यसबाट सञ्चालन हुने आयोजनाहरू सुरु भएको मितिले पाँच वर्षभित्र सम्पन्न भई आयोजनाको प्रतिफल समयभित्रै प्राप्त हुनेछ । अमेरिकी सहयोग निकायले अमेरिकी डलर ५०० मिलियन उपलब्ध गराउने र नेपाल सरकारले ५ वर्षको अवधिमा अमेरिकी डलर १३० मिलियन बराबरको रकम वार्षिक विनियोजन गरी व्यहोर्नेछ ।

यस सम्झौता बमोजिमका आयोजनाहरू निर्धारित मितिभित्रै सम्पन्न गर्न बृहत्तर राजनीतिक सहमति आवश्यक भएकाले सबै नेपालीले राष्ट्रिय गौरवको रूपमा यो आयोजनालाई स्वामित्व लिनसक्ने गरी यस सम्झौतालाई जनप्रतिनिधिहरूबाट संवैधानिक व्यवस्थाअनुरूप अनुमोदन हुनु उपयुक्त हुने भएकाले सम्माननीय सभामुखमार्फत म सबै माननीय सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु र सबै माननीय सदस्यहरूलाई विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमै प्राप्त गर्न सहयोग गर्न आग्रह गर्दछु ।

## *महिला, बालबालिका ...*

लगायतका खेलकुद सामाग्रि समेत प्रदान गरिएको संस्थाका कार्यक्रम संयोजक शुष्मा भट्टले बताईन् ।

महिला तथा बालबालिका लागि उपलब्ध गराइएको ती सामाग्रिहरु महिला, बालबालिका, यूवा तथा खेलकुद मन्त्रालयको महिला विकास शाखा प्रमुख देवकुमारी खत्रीले डिएसपी माधवप्रसाद काफ्लेलाई हस्तान्तरण गरिन् ।

सो अवसरमा उनले विभिन्न महिला हिंसा र वेवारिसे अवस्थामा केन्द्रमा आउने पीडित महिला र उनीसागै आउने बच्चाको जिवनमा सहजता र उचित वातावरण निर्माणका लागि यस्ता सामाग्रि उपलब्ध गराइएको र यसको सदुपयोग हुने अपेक्षा राखेको बताईन् ।

कार्यक्रममा संस्थाको टिम लिडर जिवन पुडासैनी, युनिसेफका कामदेव खनाल, संचारकर्मी बैजनाथ झालगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

उपहार बुझ्दै डिएसपी काफ्लेले दाता संस्थाप्रति आभार व्यक्त गर्दै प्राप्त सहयोगले केन्द्रलाई महिला र बालमैत्री बनाउन थप मद्दत मिलेको र यसको सही सदुपयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

चालु आर्थिक वर्ष २०७८/७९ को हालसम्मको अवधीमा २० महिला, १५ बालबालिका र २ जेष्ठ नागरिकले उक्त केन्द्रमा सेवा पाएको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

## *ताला खोल्ने ...*

उपकरणहरुको खरीद प्रक्रिया तथा कर्मचारी नियुक्ति लगायतका प्रकरणको छानबिन हुनुपर्ने लगायतका माग राखी गत माघ २४ गते नै नगर प्रमुखलाई संघर्ष समितिले ज्ञापन पत्र बुझाएको थियो । तर वेवास्ता गरेको र लगाएको ताला पनि एकपक्षिय ढंगले फुटाईदिएकाले बाध्य भई जनता सडकमा उत्रेको आन्दोलनरत पक्षको भनाई छ ।

यता नगरप्रमुख गौतमले वार्तामा बोलाउदा पनि ताला लगाउने पक्ष नआउँदा सेवाग्राही मारमा परेकाले ताला तोडिएको दाबी गरेका छन् ।

# एमसिसी सम्झौता संसद्‌मा पेस

काठमाडौं, ८ फागुन (रासस) ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता' पेस भएको छ ।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माको तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो सम्झौता पेस गर्नुभयो । प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का सांसदको विरोध तथा सत्ता साझेदार नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), का सांसद्‌को असहमतिकाबीच सरकारका तर्फबाट सदनमा उक्त सम्झौता पेस भएको हो ।

संसद्‌मा प्रतिनिधित्व गर्ने दलहरूबीच सहमति हुन नसक्दा संसद् सचिवालयमा दर्ता भए पनि सो सम्झौता संसद्‌मा टेबुल हुनसकेको थिएन । एमसिसी सम्झौतालाई टेबुल गर्न सत्ता साझेदार दलहरू आइतबार मात्रै सहमतिमा पुगेका थिए ।

एमसिसी सम्झौता संसद्‌मा टेबुल गर्न सत्ता गठबन्धनका दलहरूबीच सहमति भएपछि कार्यव्यवस्था समितिको बैठकले त्यसलाई अगाडि बढाउने निर्णय गरेको हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले २०७५ माघ २५ गते सो अनुदान सम्झौता अनुमोदनका लागि संसद्‌मा पेश गर्न स्वीकृति दिएको थियो ।

तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले एमसिसी सम्झौता संसद्‌को साधारण बहुमतबाट अनुमोदन गर्न २०७६ असार ३० गते संसद्‌मा पेश गर्नुभएको थियो ।

कोरोनाबाट बचौं र बचाऔं

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
- आफूलाई संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौ ।
- संक्रमणको पुष्टि भएपछि अलग्गै बसौं र सम्पर्कमा रहेकालाई जानकारी गराऔं।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौ ?

सचेत बनौं,

ससाना कुरामा ध्यान दिंदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*